# सेतो बाटो
## संस्थाको विधान

२०७९

वीरेन्द्रनगर नगरपालिका वडा नं.-१२, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# सेतो बाटो संस्थाको विधान

२०७९

## प्रस्तावना

समाजमा व्याप्त रुपमा जरागाडी रहेका गरिवी, वेरोजगारी, कुसंस्कार, रोग,भोक, जातिय विभेद, वातावरण प्रदुषण, जलवायु परिर्वतन, विकृति, विसंगति, अन्धविश्वास, लागुऔषध, दुर्वेषण, अधिकार हनन्, हिंसा, प्रकोप,महामारी आदि समस्याहरुलाई शिक्षा, जनचेतना र जागरणका माध्यमवाट कम गराई न्यायिक र समतामूलक समाज निर्माणमा सहयोग गर्ने लक्ष्य लिई विशुद्ध गैर व्यावसायिक र सामाजिक उद्देश्यले **"संस्था दर्ता ऐन,२०३४"** को अधिनमा रही स्थानिय युवाहरुको प्रयासमा **"सेतो बाटो"** संस्थाको यो विधान तर्जुमा गरिएको छ ।

यस संस्थाको कुनै क्रियाकलापले नेपाल तथा विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय संघ संस्था एवं संगठनको सम्वन्धमा प्रतिकुल असर पार्ने वा परराष्ट्र नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कार्वाही नगर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

### परिच्छेद – १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) **संस्थाको नाम :-** यस संस्थाको नाम **"सेतो बाटो"** हुनेछ । अंग्रेजीमा SETO BATO हुनेछ । छोटकरीमा अंग्रेजीमा "SEBA" रहनेछ ।

(ख) **संस्थाको पूरा ठेगाना :-** यस संस्थाको कार्यालय हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका वडा नं.१२ मा रहनेछ । आबश्यकता अनुसार स्थानीय अधिकारीको पुर्व स्वीकृती लिएर कार्यालय सार्न सकिने छ।

(ग) **संस्थाको कार्यक्षेत्र :-** यस संस्थाको कार्यक्षेत्र **नेपाल राज्य भरी** हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाका स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्य भित्र अन्य जिल्लामा शाखा कार्यालय विस्तार गर्न सकिनेछ ।

(घ) **प्रारम्भ :-** यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(ङ) **संस्थाको अस्तित्व :-**

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आयआर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :-

(क) **"विधान"** भन्नाले **सेतो बाटो** संस्थाको विधान २०७९ लाई सम्झनु पर्दछ ।

(ख) **"संस्था"** भन्नाले **सेतो बाटो संस्था**लाई सम्झनु पर्दछ ।

(ग) **'कार्य समिति'** भन्नाले यो विधान को दफा १३ बमोजिम गठित कार्य समितिलाई बुझ्नु पर्नेछ ।

(घ) **'पदाधिकारी'** भन्नाले कार्य समितिका पदाधिकारीहरूलाई बुझ्नु पर्नेछ ।

(ङ) **'सभा'** भन्नाले यस विधान बमोजिम बसेको साधारण र विशेष साधारण सभालाई समेत बुझाउनेछ ।

(च) **'सदस्य'** भन्नाले यस **सेतो बाटो संस्थाको** सदस्यता प्राप्त गरेको व्यक्तिलाई बुझाउनेछ ।

(छ) **'नियम/विनियम"** भन्नाले यस विधान अन्तर्गत बन्ने निमय/विनियमलाई जनाउँदछ ।

(ज) **'स्थानीय अधिकारी'** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्दछ ।

(झ) **आर्थिक बर्ष** भन्नाले प्रत्येक वर्षको श्रावण १ देखि असार मसान्तसम्मको अवधिलाई सम्झनुपर्नेछ ।

(ञ) **'तोकिएको वा तोकिए वमोजिम'** भन्नाले यो विधान र यस विधान अन्तर्गत वनेको नियम, विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्नेछ ।

(ट) **'स्थानीय तह'** भन्नाले गाउँपालिका, नगरपालिका, उप-महा नगरपालिका, महानगरपालिका र जिल्ला समन्वय समितिलाई जनाउनेछ ।

(ठ) **'अधिकार प्रत्यायोजित व्यक्ति'** भन्नाले विधान वमोजिम केन्द्रिय, जिल्ला कार्य समितिहरूले यस संस्थाका पदाधिकारी/कर्मचारीलाई कुनै कामको लागि अधिकार दिई खटाइएको व्यक्ति वा प्रतिनिधिलाई जनाउनेछ ।

३. **<u>यस संस्थाको छाप वा चिन्ह :-</u>** प्रचलित व्यवस्थाको प्रतिकूल नहुनेगरी संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप वा चिन्ह हुनेछ । चार कुनाभित्र पानीको माथि पातहरु र खुट्टाको चित्र मिश्रीत रहनेछ भने त्यसको तल संस्थाको नेपालीमा नाम सेतो बाटो र अंग्रेजीमा Seto Bato र पातको माथि संस्थाको स्थापना मिति २०७९ लेखिएको संस्थाको छाप हुनेछ । जो अनुसूची १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्वदर्ता भएको कुनै संस्थासँग मेल खाएमा नियमानुसार संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद -२

## उद्देश्य

४. **संस्थाको उद्देश्य :-**

यो संस्था मुनाफारहित, जनहितकारी, सामाजिक संस्था हुनेछ । संस्थाका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

(क) वेरोजगार र फुर्सदिला जनशक्तिलाई समाज विकासका काममा अग्रसर हुन प्रेरित गर्ने ।

(ख) खेलकुदको विकासका लागि विभिन्न खेलकुद कार्यक्रम संचालन गर्ने, तालिम प्रशिक्षण दिने र स्वच्छ, स्वस्थ एवं अनुशासित जनशक्ति तयार गर्ने ।

(ग) सामाजिक विकृति, विसंगति, अन्धविश्वास, लागु औषध, दुर्व्यसन, कुसंस्कार, जातिय विभेद तथा छुवाछुत, जलवायु परिवर्तन र वातावरण प्रदुषणका विरुद्ध विभिन्न जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) महिला, वालवालिका, जेष्ठनागरिक, युवा, अशक्त एवं सिमान्तकृत नागरिकहरुका अधिकारहरु संरक्षणका लागि पैरवी गर्ने ।

(ङ) सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य, विपत तथा महामारी र प्राकृतिक प्रकोप जस्ता समस्याहरु समाधानमा सहयोग पुऱ्याउन विविध कार्यक्रमहरु संचालन गर्ने ।

(च) आर्थिक बृद्धिका लागि जल, जमिन र जंगल जस्ता प्राकृतिक श्रोतहरुको संरक्षण गर्ने र उद्योग, कृषि, पशुपालन,जडिवुटी प्रशोधन, पर्यटन विकास जस्ता व्यवसायहरु संचालन गर्न प्रोत्साहित गरी उत्पादित वस्तुहरुको वजारीकरणमा सहयोग गर्ने ।

(छ) सामाजिक एकता, सदभाव, भातृत्व विकास, सहयोगी भावना, आपसी सम्वन्धलाई सुदृढ, विस्तार एवं विकास गर्न सहयोग गर्ने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :-**

**यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरू गरिने छन्:-**

(क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र आफ्ना उद्देश्यहरू कार्यान्वयन गर्नेछ ।

(ख) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा लिनेछ र कम्प्युटर, टेलिफोन, फ्याक्सजस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवा सर्तहरू निर्धारण गर्ने छ ।

(घ) सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

(ङ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी खाता सञ्चालन गर्नेछ ।

(च) कार्य समिति सामुहिक रुपमा साधारण सभा प्रति उत्तरदायी रहनेछ र साधारण सभाले दिएको निर्देशन पालना गर्नेछ ।

(छ) संस्थाको उद्देश्य प्राप्तिको लागी यस विधानमा उल्लेख भए बमोजिम आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने र विविध कार्यक्रमको आयोजना गर्ने ।

(ज) संस्थाले वैदेशिक सहायता वस्तुगत, प्राविधिक आर्थिक वा अन्य कुनै किसिमको सहयोग लिनु पूर्व नेपाल सरकार समाज कल्याण परिषदको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(झ) आवश्यकतानुसार विभिन्न नियम, विनियमहरु निर्माण गरी लागु गर्नेछ ।

## परिच्छेद -३

## सदस्यता

**६. सदस्यहरुको प्रकार :-** संस्थाका देहाय बमोजिमका ४ प्रकारका सदस्यहरू हुनेछन् :

**(क) साधारण सदस्य :-** यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरी संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरू साधारण सदस्य हुनेछन् ।

**(ख) संस्थापक सदस्य :-** यस संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरूले साधारण वा आजीवन सदस्यता लिंदा विधान बमोजिमको प्रकृया पालना गरी शुल्क बुझाउनु पर्नेछ ।

(ग) **<u>आजीवन सदस्य :-</u>** संस्थाको विकासको लागि विशेष सहयोग तथा योगदान पुऱ्याउने व्यक्तिहरूलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

(घ) **<u>मानार्थ सदस्य :-</u>** उपयुक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरूको मताधिकार रहने छैन ।

**७. <u>सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-</u>**

यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक भएको ।

(ख) १८ वर्ष उमेर पूरा गरेको ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

**८. <u>संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :</u>**

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

(क) गैर नेपाली नागरिक ।

(ख) १८ वर्ष उमेर पुरा नगरेको ।

(ग) मानसिक सन्तुलन ठिक नभएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनाबिना गरेको ठहरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको

(च) सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।

(छ) साहुको दामासाहीमा परेको ।

(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँझी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

**९. <u>सदस्यताको समाप्ति :-</u>**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्य पदमा वहाल रहने छैन ।

(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारण सभाको दुई तिहाई को सदस्यहरुका बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा

(ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

(च) संस्था विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि निजलाई सो कुराको सूचना दिई, सफाईको सबुत पेश गर्ने मौका दिइनेछ ।

**१०. सदस्यता प्रदान गर्ने विधि र सदस्यता शुल्क : -**

**१. <u>साधारण सदस्य :-</u>**

(क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले सदस्यता शुल्क वापत रु. **३००।-** बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गरेमा कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ।

(ख) साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आर्थिक वर्षको श्रावण मसान्तभित्र सदस्यता नवीकरण शुल्क रु. **१००।-** बुझाई सदस्यता नवीकरण गराई सक्नु पर्नेछ।

**२. <u>संस्थापक सदस्य :-</u>**

(क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरू संस्थापक सदस्य हुनेछन्।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्यता वा आजीवन सदस्यता प्राप्त गर्न सक्नेछन्।

**३.** **<u>आजीवन सदस्य :-</u>** संस्थामा एकमुष्ट रु. **११००।-** बुझाई तोकिएको प्रक्रिया आन्तर्गत आवेदन दिने व्यक्तिलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

**४.** **<u>मानार्थ सदस्य :-</u>** साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिक तथा विदेशी महानुभावहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन।

५. प्रथम साधारण सभा हुनु अगावै तदर्थ समिति र त्यस पछाडि कार्य समिति वा समितिबाट जिम्मेवारी दिइएका पदाधिकारीले सदस्यता प्रदान गर्नेछन्।

६. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ।

७. सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ।

८. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारका सदस्यहरूको लागि तोकिएको ढाँचामा छुट्टाछुट्टै अभिलेख पुस्तिका रहनेछ।

## <u>परिच्छेद-४</u>

## <u>साधारण सभा तथा कार्य समिति सम्बन्धि व्यवस्था</u>

**११. <u>साधारण सभाको गठन :-</u>**

१. यस संस्थाको विधानको दफा ६ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सबै सदस्यहरूवाट संस्थाको साधारण सभा गठन हुनेछ। मानार्थ सदस्यहरू आमन्त्रित हुने छन्। साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ।

२. यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ।

(क) वार्षिक साधारण सभाः वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ।

(ख) विशेष साधारण सभाः संस्थाको कूल सदस्य संख्याका १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात)

दिनभित्र अनिवार्यरुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको ६(छ) महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले ६ (छ) महिना भित्रमा गरिने छ । त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिनाभित्र गरिनेछ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण र आजीवन सदस्यहरूलाई अनिवार्यरुपले सूचना दिइनेछ ।

५. उप-दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ वमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिइ पुनः साधारण सभा बोलाइनेछ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकारः-** साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन र लेखपरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरू माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरू अशुल उपर गरी
फछर्यौट गर्नको लागी कार्य समितिलाई निर्देशन दिने ।

(ग) संस्थाको वार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरूको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(घ) संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समिति पदाधिकारीहरूको विधान बमोजिमका प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

(ङ) कार्य समितिद्वारा पेश भएको विधान संशोधन,नियम तथा विनिमय स्वीकृत गर्ने ।

(च) मानार्थ सदस्यता प्रदान गर्ने ।

(छ) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम-कारवाहीहरूको, औचित्य हेरी अनुमोदन गर्ने ।

(ज) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरूको दरवन्दी संख्या, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

१३. **कार्य समितिको गठन :-**

१. साधारण सभाका सदस्यहरूबाट कम्तिमा ३३% महिला पर्ने गरी निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरू रहने ११ (एघार) सदस्यीय एक कार्य समिति गठन गरिनेछ । जसमा अध्यक्ष-१ जना, उपाध्यक्ष- १ जना, सचिव- १ जना, सह सचिव- १ जना, कोषाध्यक्ष-१ जना र सदस्यहरू-६ जना रहने छन ।

२. कार्य समितिको कार्यकाल ३ (तिन) वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्वारा पद पूर्ति गरिनेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सचिवले बोलाउनेछ । तर कार्यसमितिको पदाधिकारीहरूको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको वैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिकारीहरूको कूल संख्याको ५१% पदाधिकारीहरू उपस्थित नभै, कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरू मध्ये जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ र सो निणर्यमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्नेछ तर निर्णयमा असहमति जनाउने सदस्यहरूले असहमतीको व्यहोरा खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण काम कार्य समितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरू जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सवै पदाधिकारी र सदस्यहरू सहमत भएमा त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त वमोजिमको सहमतिलाई लगतै बस्ने कार्य समितिको वैठकबाट लिखित रुपमा अनुमोदन गरिनेछ ।

**१४.<u>कार्य समितिको काम, कर्तव्य र अधिकार :-</u>**

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन गर्ने/गराउने

३. संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. साधारण सभा प्रति उत्तरदायी रहने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउर्ने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीबेक्षण र अनुगमन गर्ने .

७. संस्थाको कोष सम्पति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुबिधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृती गराई लागु गर्ने गराउने ।

९. संस्थाको उदेश्य परिपुर्तिको लागी आफ्नो कार्य अवधीमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति का अतिरिक्त अन्य समिति,उप समिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरिदिने ।

१०. संस्थाको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने :-** अध्यक्षले कुनै कारण देखाई अध्यक्ष पदबाट राजीनामा दिनुपरेमा संस्थाका उपाध्यक्ष मार्फत् कार्यसमितिमा र अन्य पदाधिकारी र सदस्यहरुले अध्यक्ष मार्फत राजीनामा दिई पद त्याग गर्न सकिनेछ ।

**१६. अन्य समितिहरु :-**

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्ने छ। यसरी गठन भएका अन्य समति वा उपसमितिहरु संस्थाको कार्य समितिप्रति उत्तरदायी हुनेछन् ।

२. अन्य समिति वा उप-समितिहरुको कार्यहरू कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद– ५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :-** कार्य समितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) संस्थाको प्रमुख व्यक्तिको रुपमा रही काम गर्ने ।

(ख) कार्य समितिका नीति निर्णयहरूको कार्यान्वयनमा संस्थालाई नेतृत्व प्रदान गर्ने । संस्थाको विधान र नियमावलीको कार्यान्वयन गर्ने गराउने ।

(ग) कार्य समिति र साधारण सभाको बैठकको अध्यक्षता गर्ने ।

(घ) कार्य समितिको बैठकमा संस्थाको रणनीतिक कार्यनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

(ङ) कार्य समितिको तर्फबाट साधारण सभामा संस्थाको रणनीतिक कार्यनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

(च) आफूमा निहित अधिकार उपाध्यक्ष वा अन्य पदाधिकारीहरूमा प्रत्यायोजन गर्ने ।

(छ) कार्य समितिको बैठक बोलाउन र बैठकको कार्यसूची तयार गर्न सचिवलाई निर्देशन गर्ने ।

(ज) कार्य समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।

(ख) अध्यक्षले प्रत्यायोजित गरेका कामहरू गर्ने ।

(ग) समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**(३) सचिवको काम, कर्तव्य र अधिकार :**

(क) साधारण सभाबाट पारित नीति निर्णयहरूको कार्यन्वयनका लागि अध्यक्षको परामर्शमा कार्ययोजना तयार गरी कार्य समितिमा प्रस्तुत गर्ने ।

(ख) कार्यालय/सचिवालय सञ्चालन गर्ने ।

(ग) अध्यक्षको निर्देशनमा समितिको वैठक वोलाउने र वैठकको कार्यसूची तयार गर्ने ।

(घ) समितिको वैठकमा संगठानात्मक प्रतिवेदन पेश गर्ने ।

(ङ) समितिको तर्फवाट साधारण सभामा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।

(च) आफूमा निहित अधिकार अध्यक्षको परामर्शमा सहसचिवमा प्रत्यायोजन गर्ने ।

(छ) समितिले तोकेका कामहरू गर्ने ।

(ज) संस्थाको सूचना अधिकारीको रुपमा काम गर्ने गराउने ।

**(४) सह-सचिवको काम, कर्तव्य र अधिकार:**

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।

(ख) अध्यक्ष र सचिवले प्रत्यायोजित गरेका कामहरू गर्ने ।

(ग) समितिले तोकेको अन्य कार्यहरू गर्ने ।

**५) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) संस्थाको कोषको रेखदेख, सञ्चालन गर्ने ।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने ।

(घ) नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने ।

(ङ) जिन्सी सामग्रीहरुको रेकर्ड दुरुस्त राख्ने ।

**(५) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(क) सदस्यहरूको कामको बाँडफाँड केन्द्रिय समितिको बैठकले गर्नेछ ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग) कार्य समिति र अध्यक्षले तोके अनुसार कार्य गर्ने ।

**१८. गणपुरक संख्या :-**

(१) कुल सदस्य संख्याको दुई तिहाई (६७ प्रतिशत) सदस्यहरू उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

(२) तर विधानको दफा ११ को उपदफा (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

**१९. संस्थाको कोष :-**

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू रहने छन् :

(क) सदस्यता शुल्क वापत प्राप्त रकम ।

(ख) संस्थालाई सहयोग वापत दिएको रकम ।

(ग) संस्थाको चल अचल सम्पत्तिबाट प्राप्त रकम ।

(घ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम ।

(ङ) स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग स्वरुप प्राप्त रकम ।

(च) संस्थाले रचनात्मक कार्य गरि प्राप्त गरेको रकम ।

(२) विदेशी संघ संस्था व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण ऐन, २०४९ बमोजिम समाज कल्याण परिषदबाट पूर्व स्वीकृत लिइनेछ ।

(३) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

२०. **खाता सञ्चालन :-**

१) संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । जसमध्ये कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ ।

२) प्रचलित ऐन, नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. **कोषको रकम खर्च गर्ने तरीका :-** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरीका अपनाई खर्च गरिनेछ ।

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थीक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गरिनेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

(ङ) नेपाल सरकारबाट जारी गरिएका वित्तिय ऐन, नियमावलीलाई समेत पूर्ण रुपमा पालना गरिनेछ ।

२२. **संस्थाको लेखा र लेखा परीक्षण :-**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) संस्थाको लेखा परीक्षण प्रचलिन कानून बमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै वखत पनि संस्थाको हिसाब किताव जाँच वा जँचाउन सक्नेछ ।

(४) लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, स्थानीय तह, समाज कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद-७

## निर्वाचन र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था

२३. **निर्वाचन सम्बन्धी व्यवस्था :-**

(१) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ (पाँच) जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।

(२) निर्वाचन समितिले प्रचलीत कानुनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(३) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(४) निर्वाचन कार्य सम्पन्न भएको भोलि पल्ट निर्वाचन समितिको स्वत: विघटन हुनेछ ।

२४. **उम्मेदवार हुने योग्यता :-** कार्य समितिको उम्मेद्वार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) लगातार ३ (तीन) वर्ष सम्म साधरण सदस्य रहेको व्यक्ति ।

(ख) उमेर २१ वर्ष पूरा भएको ।

(ग) नेपाली नागरीक हुनु पर्नेछ ।

(घ) बिधानमा तोकिए अनुसार योग्यता पुगेको ।

२५. **अविश्वासको प्रस्ताव :-**

(१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिम रीत पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

(ग) अविश्वासको प्रस्ताव पारित गर्दा संस्थाका सम्पूर्ण मताधिकार प्राप्त सदस्यको दुई तिहाईले प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

(२) खण्ड (क) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभामा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईनेछ

३. **अविश्वासको प्रस्ताव माथि छलफलको प्रकृया :-**

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरू मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ख) उप-दफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकटगर्न चाहने बढीमा अन्य तीनजना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उप-दफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरू राख्न अनुमति दिइनेछ ।

४. **अविश्वासको प्रस्ताव माथी निर्णय :-**

(१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर ।

(ख) साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(२) साधारण सभाको कुल सदस्य संख्याको दुईतिहाई बहुमतले अविश्वासको प्रस्ताव पारीत हुनेछ ।त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पद मुक्त हुनेछन् ।

(३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## परिच्छेद–८

## विविध

**२६. विधान संशोधन :-**

कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरूले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारीश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृती भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२७. नियम बनाउन सक्ने :-**

(१) संस्थाको आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

(२) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरू साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. कर्मचारीको व्यवस्था :-**

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन र कार्यान्वयन गर्न विदेशी सल्लाकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा सम्बन्धित निकायबाट अनुमति लिई निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण खोली समाज कल्याण परिषदबाट स्वीकृत लिई  सो को विवरण स्थानिय अधिकारी, स्थानीय तह र सम्बन्धित निकायमा अनिवार्य उपलब्ध गराइनेछ ।

**२९. व्याख्या :-** यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३०. गोप्यता भंग गर्न नहुने :-** यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

**३१.** **<u>ऐन अनुसार हुने :-</u>** यस विधानमा उल्लेख नभएको कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानूनसंग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

**३२.** **<u>निर्देशनको पालना :-</u>** नेपाल सरकार वा स्थानीय अधिकारी वा स्थानीय तहले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ । साथै संस्था सदैव प्रजातान्त्रिक हुनेछ ।

**३३.** **<u>संस्थाको अस्थित्वः-</u>** संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ । संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

**३४.** **<u>तदर्थ समिति :-</u>**

(१) यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी)लाई दिइनेछ ।

(२) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहीहरू यसै विधान सरह भएको मानिनेछ ।

**३५.** **<u>संस्था खारेजी :-</u>**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरू नियुक्त गर्न सक्नेछन । लिक्विडेटर र लेखापरिक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

(४) यसरी कारणवंश संस्था विघटन भै खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहेको संस्थाको सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

**३६.** **सूचनाको हक सम्बन्धि व्यवस्था**

(क) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को पालना गर्न यो संस्था प्रतिवद्ध रहनेछ ।

(ख) यस संस्थाको सूचना अधिकारीको रुपमा यसै संस्थाको सचिव रहनेछ ।

(ग) सचिव वा सूचना अधिकारी परिवर्तन भएमा परिवर्तन भएको ७ (सात) दिन भित्र जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा लिखित जानकारी पठाउनु पर्नेछ ।

(घ) कार्य समितिका पदाधिकारीहरु परिवर्तन भएमा नागरिकताको प्रतिलिपि र अन्य विवरण सहित जिल्ला प्रशासन कार्यालयमा जानकारी गराइनेछ ।

"हामी **यस संस्थाका** निम्न संस्थापक/तदर्थ समितिका पदाधिकारीहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीको रोहावरमा विधानमा सहिछाप गर्दछौं ।"

**तदर्थ समितिको विवरण :**

| क.सं | नाम, थर | पद | पिता वा पतिको नाम थर | नागरिकताको स्थायी ठेगाना | हाल बसोबास गरिरहेको ठेगाना | पेशा | फोन नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| १ | शुभम ढकाल | अध्यक्ष | गोपीकृष्ण ढकाल | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६८२२९०५६ | |
| २ | एलिसा कँडेल | उपाध्यक्ष | यज्ञ कुमार कँडेल | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६९५१६९७१ | |
| ३ | सविता धामी | सचिव | काले बहादुर धामी | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८१२५९१२१३ | |
| ४ | कृष्ण बोहरा | सहसचिव | लिल बहादुर बोहोरा | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६८१०३६५४ | |
| ५ | यसमिन आचार्य | कोषाध्यक्ष | कृष्णप्रसाद आचार्य | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६६१६५९३२ | |
| ६ | बुद्धि रेग्मी | सदस्य | बासुदेव रेग्मी | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | व्यापार | ९८४९१४३३५१ | |
| ७ | लोकेश सुवेदी | सदस्य | पुर्णप्रसाद सुवेदी | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६८०८८०८८ | |
| ८ | निर्मला भण्डारी | सदस्य | डम्बर बहादुर भण्डारी | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६३१५८९६८ | |
| ९ | पुष्पा भण्डारी | सदस्य | टेक बहादुर भण्डारी | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८४८३६७१४२ | |
| १० | रेविका श्रेष्ठ | सदस्य | बसन्त कुमार श्रेष्ठ | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६४९४०३७७ | |
| ११ | बिनीता सुवेदी | सदस्य | प्रकाश सुवेदी | वीरेन्द्रनगर १२ सुर्खेत | वीरेन्द्रनगर १२ सुर्खेत | अध्ययन | ९८६८१२१२४६ | |

**साँक्षीको विवरण**

| क.सं | नाम, थर | ठेगाना | पेशा | दस्तखत | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १ | चुडामडी चपाई | **वीरेन्द्रनगर १२ सुर्खेत** | समाज सेवी | | ९८४८०३८८७३ |
| २ | चन्द्रा कुमारी धामी | **वीरेन्द्रनगर १२ सुर्खेत** | समाज सेवी | | ९८४८०४७७७८ |

**अनुसूची-१**

संस्थाको छाप वा चिन्ह

२०७१

सेतो बाटो

Seto Bato

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**SCAN & PAY**

**SETO BATO**

Karnali Province,Surkhet

0201H5TDKXH Terminal1

Store1

We Accept

NEPALPAY

Integrating NepalQR

**For Support**

Email: operation.mbanking@rbb.com.np Contact: 014252595 Ext : 2121,211
Branch Name:Surkhet Branch